**पाठ्यांश शीर्षक : साधारण नेपाली -१**
**पाठ्यांश सङ्केत : नेपा . शि .४११**
**बि.एड.** **पाठ्यघन्टी : ४८**

**पाठ्यांश प्रकृति : सैद्धान्तिक**
**क्रेडिट आवर : ३ तह :**
**सेमेस्टर : पहिलो**

१. **पाठ्यांशको परिचय** यस पाठ्यांशले नेपाली भाषामा विशिष्ट बोध, अभिव्यक्ति र रचना कौशलको विकास गर्ने लक्ष्य राखेको छ । यस पाठ्यांशमा नेपाली भाषाको परिचय, यसका मानक कथ्य र लेख्य रूपको स्वरूप र प्रकार्य क्षेत्र, शब्दभण्डार, वाक्यतत्त्वपरक रचना, नेपाली वाङ्मयका विविध क्षेत्रका गद्यांशको पठनबोध, बुँदाटिपोट र संक्षेपीकरणको अभ्यास, व्यावहारिक लेखन तथा सूचना तथ्यको रूपान्तरका साथै निर्धारित साहित्यिक कृतिहरूको पठन, आस्वादन र अभिव्यक्ति क्षमताको विकास गर्ने पाठ्यवस्तु राखिएका छन् ।

२. **साधारण उद्देश्यहरू यस पाठ्यांशका साधारण उद्देश्यहरू निम्नानुसार रहेका छन् :**

- नेपाली भाषाको स्वरूप, प्रयोगको स्थिति र प्रकार्य क्षेत्रका साथै सन्दर्भपूर्ण वाक्य निर्माणमा सक्षम तुल्याउने,
- निर्धारित गद्यांशबाट विशिष्ट बोध प्रश्नको उत्तर लेखन, बुँदाटिपोट र संक्षेपीकरणको अभ्यासमा दक्ष बनाउने,
- निर्धारित वाक्यकोटिमा आधारित भई स्वतन्त्र र निर्देशित रचना लेख्न सक्षम तुल्याउने,
- व्यावहारिक लेखनको सिप विकासमा दक्ष बनाउने,
- तालिका, चित्राकृति, रेखाचित्र र आरेखका सूचनालाई अनुच्छेदमा रूपान्तरण गर्न सक्ने बनाउने,
- निर्दिष्ट साहित्यिक विधा सरसरती पठन, आस्वादन र प्रतिक्रिया लेखनको अभ्यास गराउने ।

**३. विशिष्ट उद्देश्य र पाठ्यवस्तु**

| **विशिष्ट उद्देश्य** | **पाठ्यवस्तु** |
| --- | --- |
| • नेपाली भाषाको कथ्य र लेख्य रूपको परिचय दिन,<br>• नेपाली भाषाको प्रयोग क्षेत्र बताउन,<br>• पहिलो र दोस्रो भाषाका रूपमा नेपाली भाषाको स्थिति पहिल्याउन,<br>• नेपाली भाषाका विशिष्ट प्रकार्यहरू उल्लेख गर्न ।<br>• नेपालीका शब्दस्रोत र शब्दवर्गको पहिचान गरी तिनको प्रयोग गर्न, | **एकाइ एक : नेपाली भाषाको परिचय, प्रयोग र शब्दभण्डार** (८)<br>१.१ कथ्य र लेख्य नेपाली भाषा<br>१.२ नेपाली भाषाको प्रयोगक्षेत्र<br>१.३ पहिलो भाषाका रूपमा नेपाली भाषाको प्रयोग<br>१.४ दोस्रो भाषाका रूपमा नेपाली भाषाको प्रयोग १.५ नेपाली भाषाका विशिष्ट प्रकार्यहरू<br>१.५.१ शिक्षा<br>१.५.२ साहित्य |

Tech_NoteSolution_Blog

| | |
|---|---|
| • शब्दनिर्माणको प्रक्रिया बताउन, | १.५.३ कानुन<br>१.५.४ सञ्चार<br>१.५.५ प्रशासन<br>१.५.६ ज्ञानविज्ञान<br>१.६ नेपाली शब्दभण्डार<br>१.६.१ शब्द स्रोत<br>• तत्सम<br>• तद्भव<br>• आगन्तुक शब्दहरूको प्रयोग र<br>प्रस्तुति १.६.२ शब्दवर्गको प्रयोग र प्रस्तुति<br>• नाम<br>• सर्वनाम<br>• विशेषण<br>• क्रिया<br>• नामयोगी<br>• क्रियायोगी<br>• संयोजक<br>• विस्मयादिबोधक<br>• निपात<br>१.६.३ शब्दनिर्माण प्रक्रियाको प्रयोग र प्रस्तुति<br>• सर्गपद्धति<br>– उपसर्ग<br>– प्रत्यय ( कृत्, तद्धित)<br>• समास र द्वित्व पद्धति |
| • नेपाली वाङ्मयका विभिन्न विषयक्षेत्रसँग सम्बन्धित बोधात्मक प्रश्नको उत्तर दिन ।<br>• विभिन्न विषयक्षेत्रसँग सम्बन्धित बुँदाटिपोट र संक्षेपीकरणको प्रयोग र अभ्यास गर्न,<br>• वाक्यकोटिअनुरूप वर्णनात्मक प्रकृतिका स्वतन्त्र अनुच्छेद रचना गर्न,<br>• निर्देशित वाक्यकोटिलाई वाक्यान्तरण गर्न | **एकाइ दुई : पठनबोध, बुँदाटिपोट, सङ्क्षेपीकरण र वाक्यतत्त्वपरक रचना (१६)**<br>२.१ पठनबोध नेपाली वाङ्मयका विविध क्षेत्र र विषयसँग सम्बन्धित सामान्य र विशिष्ट बोध प्रश्नहरूको उत्तर लेखन र प्रस्तुति ( भाषा, साहित्य, शिक्षा, भूगोल, कृषि, अर्थवाणिज्य, सूचना तथा सञ्चार, मनोविज्ञान, समाज, संस्कृति, दर्शन, विज्ञान तथा प्रविधि र स्वास्थ्य, वातावरण, कानुन, खेलकुद) |

Tech Notesolution_Blog

| | |
|---|---|
| | २.२ बुँदा टिपोट र संक्षेपीकरण<br>२.२.१ बुँदाटिपोटको प्रयोग र प्रस्तुति<br>२.२.२ संक्षेपीकरणको प्रयोग र प्रस्तुति<br>२.३ वाक्यतत्त्वपरक रचना<br>२.३.१ लिङ्ग, वचन, पुरुष र आदरका आधारमा स्वतन्त्र रचना<br>२.३.२ लिङ्ग, वचन, पुरुष र आदरका आधारमा वाक्यान्तरण |
| • व्यावहारिक लेखन गर्न । | **एकाइ तिन : व्यावहारिक लेखन** (६)<br>३.१ निवेदन<br>३.२ भर्पाई<br>३.३ मन्जुरीनामा<br>३.४ तम्सुक<br>३.५ जाहेरी<br>३.६ कार्यालयीय टिप्पणी<br>३.७ भौचर (गोश्वारा भौचर र बैङ्क भौचर) |
| • सूचना र तथ्यलाई अनुच्छेदमा रूपान्तर गर्न, | **एकाइ चार : सूचना र तथ्यको रूपान्तरण** (६)<br>४.१ तालिका तथा चित्राकृति (वृत्ताकार तथा स्तम्भाकृति) मा प्रस्तुत सूचना र तथ्यलाई अनुच्छेदमा रूपान्तर<br>४.२ रेखाचित्र तथा आरेखमा प्रस्तुत तथ्य र सूचनालाई अनुच्छेदमा रूपान्तर |
| • निर्धारित साहित्यिक कृतिको सरसर्ती अध्ययन गरी प्रतिक्रियात्मक उत्तर लेख्न । | **एकाइ पाँच : साहित्यिक कृतिको पठन, आस्वादन र प्रतिक्रियात्मक लेखन (१२)**<br>५.१ कथा<br>५.१.१ विश्वेश्वरप्रसाद कोइराला : एक रात<br>५.१.२ भागीरथी श्रेष्ठ : मातृत्वको चित्कार<br>५.१.३ राजेन्द्र विमल : चरा बोल्छ<br>५.२ कविता<br>५.२.१ लक्ष्मीप्रसाद देवकोटा : यात्री<br>५.२.२ माधवप्रसाद घिमिरेः एकै र मुठी धरतीको धूलो<br>५.२.३ अमर गिरी : चराका गीतहरू |

Tech_NoteSolution_Blog

| | |
|---|---|
| | ५.३ निबन्ध :<br>५.३.१ शङ्कर लामिछाने : जीवन : एक प्राध्यापक<br>५.३.२ भैरव अर्याल : महापुरुषको सङ्गत<br>५.४ एकाङ्की<br>५.४.१ हृदयचन्द्रसिंह प्रधान : मरुभूमिका लेखक |

४. प्रायोगिक क्रियाकलाप र शिक्षण प्रविधि प्रायोगिक क्रियाकलाप र शिक्षण प्रविधिलाई दुई समूहमा विभाजन गरिएको छ : पहिलोमा साधारण शिक्षण प्रविधि र दोस्रोमा विशिष्ट शिक्षण प्रविधि ।

४.१ साधारण शिक्षण प्रविधि प्रत्येक एकाइमा आवश्यकताअनुसार शिक्षकले सम्बन्धित विषयवस्तुको प्रस्तुति, व्याख्यान, छलफल, प्रश्नोत्तर गराई विद्यार्थीहरूलाई तत्सम्बन्धी अभ्यास गर्न लगाइने छ ।

४.२ विशिष्ट शिक्षण प्रविधि

| **एकाइ** | **क्रियाकलाप** |
|---|---|
| **एक**<br>नेपाली शब्दभण्डार | सामूहिक क्रियाकलापका रुपमा शब्द स्रोत, शब्दवर्ग र शब्दनिर्माण प्रक्रियाको योग र प्रस्तुति गर्न लगाउने |
| **दुई**<br>बुँदा टिपोट र संक्षेपीकरण तथा वाक्यतत्त्वपरक रचना | • बुँदाटिपोट र संक्षेपीकरणको प्रयोग र प्रस्तुतिमा व्यक्तिगत र सामूहिक अभ्यास गराउने<br>• लिङ्ग, वचन, पुरुष र आदरका आधारमा स्वतन्त्र र निर्देशित रचना लेख्ने अभ्यास गराउने र कक्षामा प्रस्तुत गर्न लगाउने |
| **तिन**<br>व्यावहारिक लेखन | जोडी समूहमा निवेदन, भर्पाई, मन्जुरीनामा, जाहेरी, कार्यालयीय टिप्पणी र भौचर लेख्न लगाई कक्षामा प्रस्तुत गर्न लगाउने र शिक्षकले आवश्यकताअनुसार पृष्ठपोषण दिने, |
| **चार**<br>सूचना र तथ्यको रूपान्तर | सामूहिक क्रियाकलापका रुपमा तालिका, चित्राकृति, रेखाचित्र तथा आरेखमा प्रस्तुत तथ्य र सूचनालाई अनुच्छेदमा रूपान्तर गर्न लगाई कक्षामा प्रस्तुत गराउने र शिक्षकले आवश्यक्ताअनुसार पृष्ठपोषण दिने, |
| **पाँच**<br>साहित्यिक कृतिको पठन, आस्वादन र प्रतिकियात्मक लेखन | निर्धारित साहित्यिक कृतिको पठन, आस्वादन र प्रतिकियात्मक लेखनका लागि व्यक्तिगत वा सामूहिक अभ्यास गर्न लगाउने । |

५. मूल्याङ्कन प्रक्रिया मूल्याङ्कन दुई प्रकारले गरिनेछः

५.१ आन्तरिक मूल्याङ्कन : यसका निम्ति चालिस प्रतिसत अङ्क निर्धारण गरिएको छ ।

Tech_NoteSolution_Blog

५.२ बाह्यमूल्याङकनः यसका निम्ति साठी प्रतिशत अङ्क निर्धारण गरिएको छ। आन्तरिक मूल्याङ्कन कक्षा शिक्षणसँगै गरिनेछ र बाह्य मूल्याङ्कन डिन कार्यालयले निर्धारण गरेको सेमेस्टर प्रणालीअनुसार हुने छ। यसका लागि निम्नानुसारको प्रश्नयोजना रहेको छ :

**आन्तरिक मूल्याङ्कन (४० प्रतिशत)**

| क.सं. | क्रियाकलाप | अङ्क |
|---|---|---|
| १ | उपस्थिति | ५ |
| २ | सिकाइ क्रियाकलापमा सहभागिता | ५ |
| ३ | पहिलो आन्तरिक परीक्षा | १० |
| ४ | दोस्रो आन्तरिक परीक्षा | १० |
| ५ | तेस्रो आन्तरिक परीक्षा | १० |
| जम्मा | | ४० |

बाह्य परीक्षा (६० प्रतिशत)

| क.सं. | प्रश्नको किसिम | | अङ्क |
|---|---|---|---|
| १ | वस्तुगत प्रश्न | (१०×१ . १०) | १० |
| २ | संक्षिप्त उत्तरात्मक प्रश्न | (६× ५ . ३०) | ३० |
| ३ | विवेचनात्मक प्रश्न | (२×१० . २०) | २० |
| जम्मा | | | ६० |

**पाठ यपुस्तक**


गौतम, देवीप्रसाद, भण्डारी, पारसमणि र ओझा, रामनाथ (२०७०), स्नातक नेपाली, काठमाडौं : f वद्यार्थी पुस्तक भण्डार (सम्बद्ध अंश मात्र)।


**सन्दर्भ सामग्री**


अर्याल, भैरव (२०७१), जयभुँडी, काठमाडौं : रत्न पुस्तक भण्डार। कोइराला, विश्वेश्वरप्रसाद (२०६०), दोषी चस्मा, ललितपुर : साझा प्रकाशन।

गौतम, देवीप्रसाद र घिमिरे, कृष्णप्रसाद (सम्पा.) (२०६३), नेपाली कथा भाग ३, ललितपुर : साझा प्रकाशन।

गिरी, अमर (२०६३), चराका गीतहरू, ललितपुर : साझा प्रकाशन। घिमिरे, माधवप्रसाद (२०६०), किन्नरकिन्नरी, ललितपुर : साझा प्रकाशन। देवकोटा, लक्ष्मीप्रसाद (२०६२), लक्ष्मी कविता सङ्ग्रह, ललितपुर : साझा प्रकाशन। प्रधान, हृदयचन्द्रसिंह (२०६१), 'मरुभूमिका लेखक', साझा एकाङ्की, ललितपुर : साझा प्रकाशन। लामिछाने, शङ्कर (२०५८), गोधूली संसार, ललितपुर : साझा प्रकाशन। विमल, राजेन्द्र (२०६१), आँखाका समयहरू, काठमाडौं : साङ्ग्रिला प्रकाशन।


Tech_Notesolution_Blog